आज मिति २०७८ साल श्रावण १० गते आइतबारका दिन बिर्तामोड नगरपालिकाको कोरोना संकमण रोकथाम तथा राहात व्यवस्थापन नगर समन्वय समितिको बैठक समितिका संयोजक तथा नगर प्रमुख श्री धुव कुमार शिवाकोटीज्युको अध्यक्षतामा निम्न बमोजिमको उपस्थितिमा निम्न विषयमा छलफल गरी निम्न निर्णयहरु गरियो ।

उपस्थिति

संयोजक : श्री ध्रव कुमार शिवाकोटी

सह- संयोजक : श्री पवित्रादेवी महतारा प्रसाई

सदस्य : श्री अग्नी प्रसाद पाण्डे

सदस्य : श्री नगेन्द्र प्रसाद संग्रौला

सदस्य : श्री भोजराज सिटौला

सदस्य : श्री कुल प्रसाद संग्रौला

सदस्य : श्री राजेन्द्र प्रसाद लिङदेन

सदस्य : श्री सुर्य प्रसाद कन्दङ्गवा

सदस्य : श्री चन्द्रकला पकुवाल

सदस्य : श्री अजय कार्की

सदस्य : श्री पवित्रा पाठक

सदस्य : श्री दुर्योधन गुरुङ्ग

सदस्य : श्री शुरेन राजवंशी

सदस्य : श्री द्रौपति गणेश

सदस्य : श्री भागिरथा आचार्य

सदस्य : श्री निता घतानी

सदस्य : श्री गिता पोखरेल

सदस्य : श्री संगिता शिवा

सदस्य : श्री उमानाथ ओली

सदस्य : श्री राजकुमार पोखरेल

सदस्य श्री मोहन सुब्बा

सदस्य : श्री रञ्जु प्याकुरेल

सदस्य : श्री उद्योग वाणिज्य संघ अध्यक्ष श्री प्रकाश शिवाकोटी

सदस्य : श्री महेन्द्र गिरी

सदस्य : श्री गोवेन धिमाल

सचिव : श्री गणेश प्रसाद दाहाल

कोभिड संयोजक  श्री ओमबहादुर खड्का

सल्लाहाकारज्यूहरु

संघिय सासंद् मा. पवित्रा देवी निरौला खरेल

संविधान सभा सदस्य मा. सुधिर कुमार शिवाकोटी

संविधान सभा सदस्य मा. नरेश खरेल

संविधान सभा सदस्य मा. मनकुमार गौतम

प्रदेश सभा सासंद मा. एकराज कार्की

पूर्व राष्ट्रिय सभा सदस्य डिल्लि प्रसाद सिटौला

आमन्त्रीत

इलाका प्रहरी कार्यालय अनारमनीका प्रमुख श्री संतोष आचार्य

सशस्त्र प्रहरी वेस क्याम शनिश्चरेका प्रमुख श्री गौतम योन्जन

जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाका प्रमुख श्री निशेष चापागाई

उद्यमी श्री सुभाष भट्टराई

कोभिड-१९ रोकथामं, नियन्त्रण र उपचारको लागि बितामोड नगरपालिका क्षेत्रभित्र निम्नानुसार गर्ने गराउने निर्णय गरियो ।

निर्णय नं.१. मिति २०७८ साल श्रावण १३ गते राती १२:०० बजेबाट २०७८ साल श्रावण २० गते राती १२:०० बजे सम्म नगरपालिकाको सम्पूर्ण क्षेत्र सिल गर्न जिल्ला प्रशासन कार्यालय झापालाई अनुरोध गर्ने ।

निर्णय नं.२. मिति २०७८ श्रावण १३ गते राती १२:०० बजेबाट नगर क्षेत्र सिल गर्ने हुंदा नगरबासी सवैमा अत्यावश्यक बस्तुहरु उक्त समय सम्म व्यवस्थापन गर्न अनुरोध गर्ने ।

निर्णय नं.३. नगरपालिका तथा सबै वडा कार्यालयहरुबाट प्रवाह हुने अत्यावश्यक सेवा बाहेकका सम्पूर्ण सेवाहरु बन्द गर्ने ।

निर्णय नं.४. कोभिड-१९ को रोकथाम नियन्त्रण र उपचारको लागि निजि स्वास्थ्य संस्थाहरुसंग समेत समन्य गरी प्रभावकारी बनाउने ।

निर्णय नं.५. कोभिड-१९ रोगथाम नियन्त्रण र उपचारको लागि सम्पूर्ण राजनैतिक दल, निजी क्षेत्र, नागरिक समाज, स्थानीय प्रशासन, संचार माध्यम र नगरवासी लगायत सम्पूर्ण क्षेत्रबाट सहयोग गर्न सवैमा आव्हान गर्ने ।

निर्णय नं.६. कोभिड-१९ को परिक्षण तथा उपचारको दायरालाई फराकिलो पार्ने ।

निर्णय नं.७. नगरपालिका क्षेत्र भित्र स्वास्थ्य कर्मचारीहरुलाई कोभिड रोकथाम, उपचार र नियन्त्रणमा अझ प्रभावकारी रुपमा परिचालन तथा व्यवस्थापन गर्ने ।

निर्णय नं.८ होटल तथा रेष्टुरेन्ट, सिनेमा हल, स्वीमिङ पुल, मनोरञ्जन स्थल, शैलुन, जीमखाना, व्यूटी पार्लर, समूहमा खेलिने खेलकुद बन्द गर्ने । सभा सम्मेलन, जुलुस, गोष्ठी, तालिम, धार्मिक कार्यक्रम जस्ता कार्यक्रमहरु तत्काल नगर्ने/ नगराउने ।

निर्णय नं.९. अतिआवश्यक पर्ने दुध र दुधजन्य पदार्थ, साग सब्जी, माछा मासु, खाद्यन्न, औषधी र औषधीजन्य पदार्थ, कृषीजन्य पसलहरु, पेट्रोलीयम पदार्थ, वारुण यन्त्र, एम्बुलेन्स, शव वहान, फोहोरमैला व्यवस्थापन, पशु र पंक्षीलाई आवश्यक पर्ने आहार, इन्टरनेट, केवल, संचार माध्यम बाहेकका सवारीसाधनहरु पूर्ण निषेध गर्ने ।

निर्णय नं.१०. नगरपालिका क्षेत्रभित्र संचालनमा रहेका सबै सरकारी संस्थान तथा बित्तिय संस्थाका कार्यालयहरु पूर्ण वन्द गर्ने ।

निर्णय नं.११. संघिय सरकारको निर्णय अनुसार त्रिभुवन विश्व विद्यालय तथा अन्य विश्व विद्यालय र शिक्षण संस्थाहरुबाट संचालन हुने परिक्षा स्वास्थ्य सम्बन्धि मापदण्डको पूर्ण पालना गरि तोकिएका केन्द्रहरुमा संचालन गर्न दिइने ।

निर्णय नं.१२. कोभिड-१९ को रोकथाम, नियन्त्रण र उपचारको लागि नगरपालिकाबाट भएका निर्णयको पालना गर्न सम्पूर्ण नगरवासीहरुमा अनुरोध गर्ने ।

ध्रुब कुमार शिवाकोटी
नगर प्रमुख

Scanned with CamScanner